नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/०७८

चलानी नं.:- ९५३

मितिः- २०७७/०८/०७

विषयः- विद्युत्तीय सरकारी लेखा प्रणाली, CGAS, (Computerize Government Accounting System) र सार्बजनिक सम्पत्ती व्यवस्थापन प्रणाली, PAMS, (Public Asset Management System) लागु गर्ने सम्बन्धमा।

श्री स्थानीय तह, सबै।

प्रस्तुत विषयमा अर्थ मन्त्रालय अन्तर्गत महालेखा नियन्त्रक कार्यालयको च.नं. ३०४, मिति २०७७/०७/२६ र च.नं. ३०६ , मिति २०७७/०७/२६ को विद्युत्तीय सरकारी लेखा प्रणाली, CGAS, (Computerize Government Accounting System) र सार्बजनिक सम्पत्ती व्यवस्थापन प्रणाली, PAMS, (Public Asset Management System) लागु गर्ने सम्बन्धी प्राप्त पत्र संलग्न छन। सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई आवश्यक कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

............................

जनकराज शर्मा

शाखा अधिकृत

<u>बोधार्थः-</u>

श्री अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्या: ०७७/०७८
चलानी नं. ३०४

मितिः २०७७।०७।२६

प्रिय सहकाकारीज्यू,

**विषय: विधुत्तीय सरकारी लेखा प्रणाली, CGAS, (Computerize Government Accounting System) र सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली, PAMS, (Public Asset Management System) लागु गर्ने सम्वन्धमा।**

नेपाल सरकार मन्त्रीपरीषदको मिति २०७७।०७।२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरुको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र ज़वाफदेहिता साथै विधुत्तीय सुशासन कायम गरि सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले विकास गरेको खर्च लेखाकंन तथा प्रतिवेदनको लागि क्रियाकलापमा आधारित बिधुत्तीय सरकारी लेखाकंन प्रणाली (Computerize Government Accounting System-CGAS) संघ र प्रदेश सरकार अन्तर्गतका सबै सरकारी कार्यालयहरुमा आर्थिक वर्ष २०७७/०७८ देखि अनिवार्य रुपमा लागु भएको छ।

यसैगरी सोहि मितिको नेपाल सरकारको निर्णयले सार्वजनिक सम्पत्तीको लेखाकंन, प्रतिवेदन र एकीकृत विवरण तयार गर्न संघ र प्रदेशका सबै सरकारी कार्यालयहरु एवं सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/०७८ देखि अनिवार्य रुपमा लागु भएको व्यहोरा अनुरोध गर्दछु।

प्रणाली संचालन सम्वन्धमा आवश्यक संचालन निर्देशिका महालेखा नियन्त्रक कार्यालयबाट जारी भएको तथा User Name र Password सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट उपलब्ध हुने गरि मिलाईएकोले त्याँहा मन्त्रालय तथा अन्तर्गत कार्यालयहरुमा CGAS र PAMS प्रणालीहरु अनिवार्य रुपमा कार्यन्यवन गर्ने गराउने व्यवस्थाको लागि अनुरोध गर्दछु ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

मधु कुमार मरासिनी
महालेखा नियन्त्रक


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१